# भुकम्पले राजनीतिक संक्रमणलाई पारेको प्रभाव

बैशाख १२ गते गोरखा जिल्लाको बारपाकलाई मुख्य केन्द्र विन्दु बनाएर गएको ७.८ म्याग्निच्यूडको भुकम्पले देशमा करिव ९ हजारको संख्यामा मानवीय तथा अर्वौं धनजनको क्षति गर्यो जसले देशका प्रायः सवै क्षेत्रहरू अस्तव्यस्त भए भने राजनैतिक क्षेत्र पनि यसबाट अछुटो रहेन । भूकम्प र त्यसपछिका पराकम्पनहरुले विश्वकै ध्यान नेपालमा आकर्षित गर्‍यो । राज्य सम्पूर्ण शक्तिका साथ उद्धार, राहत र पुनःस्थापनामा केन्द्रीत हुनुपर्ने बाध्यतामा पुग्यो ।

भूकम्पको परकम्पनसँगै आन्तरिक रुपमा नेपाली राजनीतिमा संविधान र संविधानवादका मुल्यहरुको उपस्थितिका निम्ती दलहरुले साझा संकल्पको रुपमा उद्धार, राहत र पुनःस्थापनामा केन्द्रीत हुन पुगे । संविधानसभाभित्र मात्रै नभई वाहिरका शक्तिहरु भुकम्पपछिको उद्धार र पुर्ननिर्माणमा एक ठाउँ उभिने स्थितिमा देखापरे । भुकम्पले निम्त्याएको क्षतिसँगै दलहरु पुनःनिर्माण र रचनाको चरणमा बहस गर्ने स्थितीमा आइपुगे । त्यसभन्दा पहिले संविधानसभामा करिव ८ बर्ष देखि थाँती रहेका विवादका मुद्दाहरू सुल्झाउन १६ बुँदे सहमति गर्दै राष्ट्रिय सरकार निर्माणको दिशामा अघि बढ्ने सैद्धान्तिक सहमतिमा हस्ताक्षर गरिसकेका थिए ।

यस अध्ययन “भुकम्पले राजनीतिक संक्रमणलाई पारेको प्रभाव”ले दलहरुको यो संकल्पसँगै अव संविधानको अन्तरवस्तुमा कस्तो प्रभाव पर्ला ? राजनीतिक विवादको स्वरुप कस्तो बन्ला ? र, भूकम्पपछिको पुनःनिर्माणका निम्ती बन्ने संयन्त्रहरुले कसरी प्रभावित पार्ला वा अझ त्यसभन्दा अगाडि यि सवैको सम्वोधनका निम्ती राष्ट्रिय सरकारको आवश्यकता छ वा छैन ? भन्ने प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरेको छ । यस अध्ययनको विषयमा राजनीतिक दलसम्वद्ध नेता तथा विभिन्न क्षेत्रमा कलम चलाउँदै आएका व्यक्तिहरुसँगको विचारमा आधारित भै अध्ययनलाई केन्द्रीत गरिएको छ ।

मुलुक १६ बुँदे समझदारी अनुरूप ‘फास्टट्र्याक’ विधिमार्फत संविधान निर्माणको प्रक्रिया अगाडि बढिरहेको सन्दर्भलाई कतिपयले प्रक्रिया विहिन स्वार्थको रूपमा औल्याएपनि प्रक्रियाका लागि लामो समय दिंदा मात्रै संविधान बन्छ भन्ने कुरा हुँदो रैनछ भन्ने विगतबाट नै पुष्टी भैसकेको छ । तर १६ बुँदेमा सहमतीमा हस्ताक्षर गर्ने सवै दलहरुले सवै अंशको समर्थन नगरेको हुनाले यो सम्झौताको दस्तावेज वेवारिसे बन्ने खतरा कायम छ । यदि त्यसो भएमा पुनःनिर्माणसँग जोडिएका विषयहरूमा राजनीतिकरण, भ्रष्टाचार र अनियमितता बढने खतरा पनि रहन्छ । त्यस्तो अवस्थामा कमजोर प्रतिपक्षलाई माथ गर्न खोज्ने वा प्रतिस्थापन गर्न आउने कुनै उग्र र नयाँ शक्तिले नयाँ द्वन्द्ध मच्चाउन सक्छ । त्यस्तैले भूकम्पको वाध्यात्मक परिस्थितीका नाममा राजनैतिक असन्तुष्टिलाई नजरअन्दाज मिल्दैन भन्ने यस अध्ययनको निष्कर्ष छ ।

भुकम्पपछि आहतमा परेका जनताको उद्धार, राहत र पुनःनिर्माणका निम्ती बैशाख २६ गते संसदमा साझा संकल्प सहित दलहरू संयुक्त रूपमा अगाडि बढ्ने स्थितिमा पुगेका हुन । तर, त्यो भूकम्पपछिको दुखद क्षणमा राष्ट्रलाई पीडाको त्रासदीपूर्ण अवस्थाबाट मुक्त गर्न सबैखाले मतान्तर विर्सिएर सहकार्य, सहमती र एकताका साथ कार्य गर्ने प्रतिवद्धताको रूपमा आएको थियो । भूकम्प नै दलहरूका निम्ती ‘फेस सेभिङ’को अवसर र माध्यम बनेपनि मूलतः त्यसभन्दा पनि कमजोर प्रतिपक्ष राजनीति संविधाननिर्माणका निम्ती निर्णायक र महत्वपूर्ण थियो । प्रतिपक्ष राजनीति यति धेरै कमजोर बन्दा नै दलहरू १६ बुँदे समझदारी गर्दै अगाडि बढ्न सफल भएका हुन । यस अध्ययनका अनुसार भूकम्प देखाउने अवसर मात्रै बन्यो तर त्यसको अन्तर्यमा राजनीतिक विषय नै प्रधान हो ।